**मिति २०७६/१२/२ गते बसेको ५७ औं बैठकका निर्णयहरु :**

१. यस मर्स्याङ्दी गाउँपालिकाको निम्न योजनाहरुलाई आ.व. २०७७/०७८ का लागि देहाय बमोजिमो प्राथमिकतामा राखी संघ सरकार तथा प्रदेश सरकार सँग बजेट विनियोजन गर्न माग गरि पठाउने निर्णय गरियो ।

❖ **सडक निर्माण तर्फ :**

१) खुदी - शिउरुङ - स्याङ्गे सडक, मर्स्याङ्दी -३,४
२) बाहुनडाँडा - घेर्मु सडक, मर्स्याङ्दी -५,६
३) खुदी - रोप्लेफाँट -घनपोखरा - नायु सडक , मर्स्याङ्दी -१,२
४) खुदी - पाम्पचोक - भलामचौर - घलेगाउँ सडक, मर्स्याङ्दी -९
५) पावर हाउस - सिमलचौर - रिन्टाङ - भुस्मे सडक , मर्स्याङ्दी -८
६) ङादी - उस्ता - बराहपोखरी सडक , मर्स्याङ्दी -७
७) खुदी - लामागाउँ सडक , मर्स्याङ्दी -९
८) खुदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक , मर्स्याङ्दी -९
९) पावरहाउस - अर्खलेबेँसी सडक, मर्स्याङ्दी -८,७,६,३
१०) बाहुनडाँडा - फैदरा - सन्जापु - निउरी सडक मर्स्याङ्दी - ६,५

❖ **मोटरेवल पुल निर्माण तर्फ :**

१) रोप्ले खोला मोटरेवल पुल

❖ **सिँचाई निर्माण तर्फ :**

१) सिमलचौर भूमिगत जल सिँचाइ, मर्स्याङ्दी -८
२) तरापु भूमिगत जल सिँचाई, मर्स्याङ्दी -३
३)) ठुलोबेँसी भूमिगत जल सिँचाई, मर्स्याङ्दी -६
४) सिस्नेरी खोला - उस्ताबेँसी सिँचाई, मर्स्याङ्दी -७
५) कलाउबेँसी सिँचाई, मर्स्याङ्दी -१
६) घोप्टे सिँचाइ, मर्स्याङ्दी -२
७) पाम्पचोक बस्नेतफाँट सिँचाई, मर्स्याङ्दी -९
८) रोप्लेफाँट सिँचाइ, मर्स्याङ्दी -२
९) घेर्मु सिँचाई, मर्स्याङ्दी -५
१०) छहरेखोला तरापु सिँचाई, मर्स्याङ्दी -३
११) सिडीकुना सिँचाई, मर्स्याङ्दी -४
१२) प्ले खोला सिँचाई, मर्स्याङ्दी -३
१३) ताजपानी खोला सिँचाइ, मर्स्याङ्दी -६
१४) किल्ले सिँचाई, मर्स्याङ्दी -५

❖ **खानेपानी आयोजना तर्फ :**

१) पुरानोगाउँ, ढगै, टुनीखर्क, टारीकुना, ढगैबेँसी, बुद्धबजार खानेपानी योजना, मर्स्याङ्दी -३
२) भुस्मे, भुलभुले, रिन्टाङ खानेपानी योजना, मर्स्याङ्दी -८
३) फ्रेजो, सेने खानेपानी योजना, मर्स्याङ्दी -१
४) प्रोवि खानेपानी योजना, मर्स्याङ्दी -२
५) नाईचे खानेपानी योजना, मर्स्याङ्दी -६
६) ताराचोक, सेरा, लुदी खानेपानी योजना, मर्स्याङ्दी -७

❖ **स्वास्थ्य पूर्वाधार निर्माण तर्फ :**

१) ताघ्रिङ स्वास्थ्य चौकी भवन निर्माण, मर्स्याङ्दी -४

२) सिम्पानी स्वास्थ्य चौकी भवन निर्माण, मर्स्याङ्दी -९

३) बाहुनडाँडा स्वास्थ्य चौकी भवन निर्माण, मर्स्याङ्दी -६

❖ **धार्मीक, ऐतिहासिक, पर्यटकीय स्थलहरुको विकास निर्माण तर्फ :**

१) जगत तातोपानी कुण्ड, मर्स्याङ्दी -४

२) बाहुनडाँडा तातोपानी कुण्ड, मर्स्याङ्दी -६

३) शहिद स्मृति पार्क तथा वाल उद्यान, मर्स्याङ्दी -३

४) डा. हर्क गुरुङ समाधी स्थल पार्क, मर्स्याङ्दी -७

५) भक्ति थापा जन्म स्थल पार्क, मर्स्याङ्दी -३

६) माधव प्रसाद घिमिरे जन्म स्थल पार्क, मर्स्याङ्दी -६

७) खुदी पौवा, मर्स्याङ्दी -३

८) तलङ्यो पोखरी संरक्षण तथा विकास, मर्स्याङ्दी -१

९) हर्सिङ डाँडा पर्यटन विकास कार्यक्रम, मर्स्याङ्दी -३

१०) भिरपुस्तुन कालीका मन्दिर, मर्स्याङ्दी -६

११) गौखुरेश्वर महादेव मन्दिर, मर्स्याङ्दी -९

१२) पेम्रो झरना बतासे वडार विकास कार्यक्रम, मर्स्याङ्दी -२

१३) लामपोखरी संरक्षण तथा विकास कार्यक्रम, मर्स्याङ्दी -९

१४) ठुलोनागी ताल संरक्षण तथा विकास कार्यक्रम, मर्स्याङ्दी -५

१५) डयाम साईट पर्यटन विकास कार्यक्रम, मर्स्याङ्दी -७

१६) बाघेता खेल मैदान, मर्स्याङ्दी -४, रामबजार

❖ **झोलुङगे पुल निर्माण तर्फ :**

१) खुदी खोला झोलुङ्गे पुल, मर्स्याङ्दी २,३ (घनपोखरा खेल मैदान)

२) मर्स्याङ्दी नदी झोलुङगे पुल मानेश्वरा, सिमलचौर मर्स्याङ्दी -८

३) अर्खले, तातोपानी झोलुङ्गेपुल, मर्स्याङ्दी -३,६

२. जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका २०७५ अनुसार यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं.३ को वडा कार्यालय भवन निर्माणको लागि जिल्ला समन्वय समिति, लमजुङमा योजना प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै सो वडा कार्यालय भवन निर्माणको लागि आवश्यक कुल बजेट रु. १,१८,२५,७४८।- मध्ये जिल्ला समन्वय समिति, लमजुङमा रु.७०,००,०००।- (रु.सत्तरी लाख मात्र) माग गर्ने र बाँकी रकम यस गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

३. यस मर्स्याङ्दी गाउँपालिका अन्नपूर्ण पदमार्गको प्रवेशद्धार, मनाङ जिल्ला जोड्ने राजमार्ग समेत पर्ने, थुप्रै जलविद्युत आयोजनाहरु निर्माणधिन अवस्थामा रहेको र थप केही आयोजनाहरु निर्माणको चरणमा समेत रहेको साथै ठूलो भूगोलमा छरिएर रहेको थुप्रै बस्तिहरु भएको पालिका भएकोले सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्नको लागि हाल भएको प्रहरी संख्या प्रयाप्त नभएकोले जनताहरु थुप्रै कठिनाई भोग्न परिरहेकोले मर्स्याङ्दी -३, खुदी स्थित खुदी प्रहरी चौकीलाई स्तरोन्नती गर्न संघिय सरकार, गृह मन्त्रालय समक्ष माग गरि पठाउने निर्णय गरियो ।

४. यस गाउँपालिकाको एक पालिका एक खेल मैदान निर्माण मर्स्याङ्दी गाउँपालिका वडा नं. २ र ३ को विचमा पर्ने केक्याम, घनपोखरामा बनाउने निर्णय गरियो ।

५. कृषि तथा पशु शाखामा रहेको भुमिहिन तथा विपन्न किसान बस्तिका समुहलाई पूर्ण अनुदानमा आय आर्जन कार्यक्रम तथा बाखा, कुखा, बंगुर वितरण कार्यक्रममा रहेको कुल बजेट रु.५,८५,०००।- लाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न हरेक वडाहरुमा रहेका वास्तविक भूमिहिन तथा विपन्न परिवारलाई सो कार्यक्रममा समावेश गर्न वडाको सिफारिशको आधारमा छनौट गर्ने निर्णय गरियो ।

६. मर्स्याङ्दी गा.पा. वडा नं. - ७, ३ र ६ समेतलाई जोड्ने गरि बनेको माथील्लो मर्स्याङ्दी 'ए' जलविद्युत आयोजनाको ड्यामसाईटको जलाशयमा पर्यटन प्रवर्द्धनको लागि बोटीङको सम्भावना भएको हुँदा सोका लागि सिनो हाईड्रो सगरमाथा पावर कम्पनी प्रा.लि.सँग आवश्यक समन्वय र छलफल अगाडी बढाउने निर्णय गरियो । साथै सोका लागी कालीगण्डकी जलविद्युत आयोजनाको डयाम साइटको जलाशयमा सञ्चालन भईरहेको बोटिङ र यसको व्यवस्थापनको अध्ययन अवलोकन गर्न अध्यक्ष अर्जुन गुरुङ सहितको सम्बन्धित वडाका वडा अध्यक्षहरुको एक टोली जाने निर्णय गरियो ।

७. मर्स्याङ्दी -६, भिरपुस्तुन गाँउमा मोटरबाटो पुगेकोले मिति २०७६/१२/१८ गते सो सडकको एक कार्यक्रम विच उद्घाटन गर्ने र सोही दिन भिरपुस्तुनमा गाउँपालिकाको आगामी बैठक बस्ने निर्णय गरियो ।

८. निम्न कार्यविधिहरुको बुँदा र दफाहरु निम्नानुसार संसोधन गर्ने निर्णय गरियो ।

क) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्याविधि २०७५ को अनुसुची - ५को दफा ३ को मेसिन र उपकरण सम्बन्धी :

हाल भएको :

क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान)

ख) मिक्सर (एक थान)

ग) Theodolite/Level Machine (एक थान)

घ) वाटर पम्प (तीन थान)

ङ) भाईब्रेटर (तीन थान)

संसोधन :

क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान) वा कम्तिमा १ वर्ष भाडामा लिएको प्रमाण

ख) मिक्सर (एक थान) वा कम्तिमा १ वर्ष भाडामा लिएको प्रमाण

ग) वाटर पम्प (दुई थान)

घ) भाईब्रेटर (दुई थान)

९. यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- सिँह बहादुर तामाङ, मर्स्याङ्दी -३, रु.१०,०००।-

१०. बैठकमा वडा अध्यक्ष ज्यूहरुले आ-आफ्नो वडाको प्रगति विवरण प्रस्तुत गर्नुभयो र प्रस्तुत विषयहरुमा छलफल भयो ।